जि.प्र.का. दर्ता न.: ८९९/०६५/६६ स क प आ न : २७०७१

# पन्त समाज नेपाल
# Pant Society Nepal

काठमाडौं, नेपाल
ई-मेल: pantasamaj@gmail.com
स्थापित: २०६५

## निवेदन-पत्र

श्रीमान् स्थानीय अधिकारीज्यू

जिल्ला प्रशासन कार्यालय

काठमाडौँ ।

विषयः- संस्था दर्ता गरिपाउँ ।

महोदय,

हामीले **' पन्त समाज नेपाल ',** नामक सामाजिक संस्था सामाजिक संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता गर्न चाहेकोले रु.५। को टिकट टाँसी प्रस्तावित विधान ४ (चार) प्रति पदाधिकारीहरूको नागरिकताको प्रमाणित प्रतिलिपि १।१ प्रतिसमेत यसै साथ संलग्न गरी देहायको विवरण खुलाई निवेदन गरेका छौँ ।

विवरण

१. संस्थाको नामः- **' पन्त समाज नेपाल' ।**

२. संस्थाको ठेगाान :- मनमैजू -७, मनमैंजू हाइट, काठमाडौं, नेपाल ।

३. संस्थाको घर नं ... टेलेफोन नं. ४०२७२०७ इमेल : shastra@wlink.com.np

४. संसथाका मूलभूत उद्देश्यहरू::- नेपाल भरका पन्तहरूको धर्म संस्कार परंपराको अनुसन्धान, संरक्षण र सूचिकृत गर्ने, उनीहरूले दिएका योगदानको मूल्याङ्कन गर्ने, उनीहरूको जीवनस्तर उठाउने कार्यक्रहरू संचालन गर्ने, पूर्वजले निर्माण गरेका संपदाको सूचिकृत र संरक्षण गर्ने हुने छ ।

५. संस्थाको अर्थिक श्रोत : सदश्यता शुल्क, अनुदान, दाताबाट दान, परामर्शबाट आर्जित रकम तथा स्थानीय समुदाय, निजी क्षेत्र, सरकार तथा गैर सरकारी संस्थासंग आवस्यक सम्बन्ध कायमगरी जुट्ने सहयोग रकम ।

६. प्रबन्ध समितिका पदाधिकारी :

| क्रसं | नाम,थर | संस्थाको पद | स्थायी वतन | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| १ | डा.शास्त्रदत्त पनत | अध्यक्ष | मनमैजू -७, काठमाण्डौ | स्वतन्त्र चिन्तन | |
| २ | डा.हरिहरदेव पन्त | उपाअध्यक्ष | अनाम नगर, काठमाण्डौ | | |

# पन्त समाज नेपाल
# Pant Society Nepal

काठमाडौं, नेपाल
ई-मेल: pantasamaj@gmail.com
स्थापित: २०६५

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | अमर पन्त | उपाअध्यक्ष | | | |
| ४ | दिनेशराज पन्त | महासचिव | सुकेधारा, काठमाण्डौ | | |
| ५ | एकेन्द्र पन्त | सचिव | | | |
| ६ | जीवमूर्ति पन्त | कोशाध्यक्ष | सामाखुसी, काठमाण्डौ | | |
| ७ | भूपनिधि पन्त | सदस्य | बैङ्करोड, पोखरा | | |
| ८ | प्रा. जयराज पन्त | सदस्य | | | |
| ९ | छविराज पन्त | सदस्य | | | |
| १० | मातृकाप्रसाद पन्त | सदस्य | | | |
| ११ | प्रेमकुमारी पन्त | सदस्य | पुतली सडक, काठमायडौ | | |
| १२ | पुनम पन्त | सदस्य | | | |
| १३ | दीलादत्त पन्त | सदस्य | | | |

५. मितिः- २०६५। । ।

भवदीय,

................

(डा.शास्त्रदत्त पन्त)

अध्यक्ष

पन्त समाज नेपाल
Pant Society Nepal
काठमाडौं, नेपाल
ई-मेल: pantasamaj@gmail.com
स्थापित: २०६५

# पन्त समाज नेपालको

# विधान

२०६५

**प्रस्तावना :**

नेपाल बहुजाती बहु धर्म बहु संस्कार र संस्कृति तथा बहु प्राकृतिक संपदाले भरिएको देश हो। नेपाल धेरै गाउँ र थोरै शहरले भरिएको तथा समाज पूर्ण सचेत भइनसकेको देश हो। जन चेतना बढाई जन सहभागितामूलक कार्यक्रमहरू नगरी आआफ्ना धर्म, संस्कृति,संस्कार र संपदाको संरक्षण र तिनको दिगो विकास सम्भव हुन सक्दैन; आवस्यक ज्ञान, सीप र क्षमता पाउन सक्दैनन् ; देशमा सन्तुलित विकास पनि हुन सक्दैन। यी कुरालाई मध्येनजर राखी देशभरका पन्तहरूलाई गोलबद्धगरी, तिनको विकास गर्न आपसी सद्भाव, प्रेम, सहयोग र विकास भावनबालाई निरन्तरता दिन वाञ्छनीय भएकोले संस्था दर्ता ऐन २०३४ अन्तर्गत रही **‘ पन्त समाज नेपाल’**को विधान २०६५ लागु गरिएको छ।

## परिच्छेद - १

## प्रारंभिक

१. **संस्थाको नाम :**

१.१.यस संस्थाको नाम **‘ पन्त समाज नेपाल ’**, र छोटकरीमा ‘पसने’ रहने छ। अंग्रेजीमा " Pant Society Nepal (PSN) " रहेको छ।

**१.२.संस्थाको कार्यालय र ठेगाना :**

यस संस्थाको कार्यालय मनमैज्यु -७ , मनमैजू हाइट काठमाण्डु जिल्ला मा रहनेछ।

**१.३. संस्थाको कार्यक्षत्र :**

यस संस्थाको केन्द्रिय कार्यलय काठमाण्डौमा हुने छ। पन्तहरू बसेका सबै जिल्लामा सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल भरी कार्यक्षेत्र विस्तार गरिनेछ।

**१.४. प्रारंभ :**

यो विधान संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भएको मितिबाट लागु हुनेछ।

**१.५ संस्थाको अस्तित्व :**

(१). यो संस्था एक अवछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैरनाफामुलक, गैर राजनीतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ। संस्थाबाट आफनो उध्देश्य बाहेक आय आर्जन गर्ने कार्य गरिने छैन।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

२.१. "विधान" भन्नाले **" पन्त समाज नेपाल '** को विधानलाई संझनु पर्दछ।

२.२. "समिति" भन्नाले यस विधान बमोजिम गठित कार्यसमिति संझनु पर्दछ।

२.३. "नियम" भन्नाले यस विधान अन्तर्गत कार्यसमितिले पारित गरी लागू गरिएको नियमलाइ जनाउँदछ।

२.४. "पदाधिकारी" भन्नाले यस विधान अनुसार गठित कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, र सदस्यहरूलाई जनाउँदछ।

२.५. "उपसमिति" भन्नाले खास प्रयोजनको लागि गठित उपसमितिलाई जनाउँदछ।

२.६. सभा भन्नाले यस विधान यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभा समेतलाई जनाउँदछ।

२.७. "कार्यकारी अध्यक्ष" भन्नाले विधान वमोजिम संस्थाको नियमित कार्यसञ्चालन गर्ने संस्थाको अध्यक्षलाई जनाउँदछ।

२.८ "समाज" भन्नाले **" पन्त समाज नेपाल '** लाई बुझाउँछ।

२.९ "सदस्य" भन्नाले समाजका सदस्यलाई बुझाउँछ।

२.९. "अध्यक्ष" भन्नाले समाजका अध्यलाई जनाउँछ।

२.१०. "उपाध्यक्ष" भन्नाले समाजको उपाध्यक्षलाई बुझाउँछ।

२.११. "कोषाध्यक्ष" भन्नाले समाजका कोषाध्यक्षलाई बुझ्नुपर्छ।

२.१२. "महा सचिव" भन्नाले समाजको महासचिवलाई जनाउँछ

२.१३. "सचिव" भन्नाले समाजको सचिवलाई जनाउँछ।

२.१४. "सस्था" भन्नाले " **पन्त समाज नेपाल** 'लाई जनाउँदछ ।

**३.संस्थाको छाप र चिन्ह :**

प्रचलित व्यवस्थाको प्रतिकुल नहुनेगरी संस्थाको एउटै छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संसोधनको प्रक्रिया द्वारा तुरुन्त संसोधन गरिनेछ ।

## परिच्छेद - २

## उद्देश्य

**४.उद्देश्यहरू:**

४. संस्थाका उद्देश्य देहाय बमोजिम रहनेछ :

४.१. यो संस्था मुनाफारहित, जनहितकारी समामाजिक संस्था हुनेछ ।

४.२. नेपालभरिका पन्तहरूका धर्म संस्कृति र परंपराका आदर्श र मान्यतालाई जगेर्ना गर्दै पौरस्त्य सभ्यता दर्शन र चिन्तन अनुसारको सुन्दर र सभ्य समाज बनाउन योगदान दिने ।

४.३.नेपालभरका पन्तहरूको अभिलेख राख्ने, निनीहरूले गरेकामको खोज गर्ने र तिनलाई प्रकाशित गर्ने ।

४.४.सामाजिक कुरिती, बिकृति र विसंगति हटाउन उदाहरणीय काम गर्ने ।

४.५.पन्त वंशको इतिहास, वंशावली, संस्कृति, सामाजिक योगदान आदिको अन्वैषण गर्ने र तिनलाई प्रकाशित गर्ने ।

४.६. धर्म संस्कार संसकृति सम्बन्धित विकासकालागि रचनात्मक काम गर्ने ।

४.७.पन्तहरूबीच सद्‌भाव, प्रेम, भ्रतृत्व/भगिनित्व, आपसी सहयोग सम्बन्ध बढ्ने बिभिन्न कार्यक्रम गर्ने ।

४.८. राष्ट्रको कुनैपनि क्षत्रमा योगदानगर्ने व्यक्ति वा संस्थालाई सम्मान, अभिनन्दन र पुरस्कृत गर्ने ।

**५.संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :**

यस संस्थाले उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका काहरू गर्नेछ :

५.१. सस्थाले प्रचलित नेपाल कानुन बमोजिम संस्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरि मात्रउपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

५.२. संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्युटर, टेलिफोन, टाइपराईटर, फयाक्स जस्ता कार्यलय सामान तथा सवारि साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

५.३. संस्थालाई आवश्यक पर्ने कर्मचारि नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरू निर्धारण गर्नेछ ।

५.४ सस्थामा प्राप्त रकम बैंकमा जम्मा गरि बैंक खाता संचालन गर्नेछ ।

५.५. चेतना बढाउने कार्यक्रमहरू, आत्म निर्भरहुने कार्यक्रहरू, राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय अछुण्डता, राष्ट्रिय स्वाभिमान, साम्प्रदायिक सद्भाव बढाउने कार्यक्रमहरू संचालन गर्ने छ ।

५.६ संस्थाको उद्देश्यलाई सफल पार्न आवश्यक कार्यक्रमहरू संचालन गर्नेछ । तथा संस्थाले समय-समयमा निर्णय गरी तोकेका अन्य कार्यक्रमहरू गन छ ।

## परिच्छेद - ३

## सदस्यता

**६.सदस्यहरूको वर्गीयकरण :**

यस संस्थाको सदस्यहरू देहायमा वर्गियकाण गरे बमोजिम रहने छन् :

६.१. *साधारण सदस्य :* : यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको व्यक्ति संसथाको साधारण सदस्य हुने छन्

६.२. *संस्थापक सदस्य* : यस संस्थाको दर्ता हुदाका बखतका पदाधिकारीहरू संस्थापक सदस्य हुनेछन् । संसथापक सदस्यले साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिम शुल्क बुझाउनेछन् ।

६.३. *आजिवनसदस्य* : संस्थाको विकासकालागि विशेष योगदान पुऱ्याउने व्यक्तिलाई तोकिएको प्रक्रिया अन्तरगत आजीवन सदस्यता प्रदान गरिनेछ ।

६.४. *मानार्थ सदस्य ::* उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्ने छ । मानार्थ सदस्यको मताधिकार रहने छैन ।

**७. सदस्यता प्राप्तिकालागि आवस्यक योग्यता :**

पन्त समाज नेपाल
Pant Society Nepal
काठमाडौं, नेपाल
ई–मेल: pantasamaj@gmail.com
स्थापित: २०६५

यस संस्थाको सदस्यताकालागि देहाय बमोजिम योग्यता पुगेको हुनु पर्ने छ।

७.१. नेपाली नागरिक भएको।

७.२. १८ वर्ष उमेर पुगेको।

७.३. मानसिक संतुलन नगुमाएको।

७.४. सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको।

७.५. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारी अभियोगमा सजाय नपाएको।

७.६. धूमपान, सुर्तीसेवन, मदिरापान, लागुपदार्थको सेवनमा लत नबसेको।

**८. संस्थाको सदस्य प्राप्तगर्न वा बाहाल रहन नसक्ने अवस्था :**

८.१. गैर नेपाली नागरिक ।

८.२. १८ वर्ष उमेर पुरा नगरेको।

८.३. मानसिक सन्तुलन गुमाएको।

८.४. सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको।

८.५. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारी अभियोगमा सजाय पाएको।

८.६. सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको।

८.७. साहुको दामासाहीमा परेको।

८.८. कुनै प्रकारको चोरी, ठगी, कीर्ते वा जालसाजीं गरेको अभियागमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भित्र।

**९. सदस्यताको समाप्ति :**

९.१.देहायको अवस्थामा संस्थाको सदस्यता समाप्त हुनेछ :

(क) विधानको दफा ८ बमोजिम सदस्यता प्राप्त गर्न नसकेमा।

(ख) साधारण सदस्यको तीन चौथाइ मतबाट हटाउने प्रस्ताव पारित गरेमा ।

(ग) सदस्यले आफनो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

(घ) संस्थाको काम कार्वाहीमा बेइमानी वा बदनियती गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

(ङ) यस विधान बमोजिम सदस्यले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

(च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

(छ) संस्था विघटन भै खारेज भएमा ।

९.२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बाहल रहन अयोग्य ठहराउनुभन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाइको सबुद पेश गर्ने मौका दिइने छ ।

## १०. सदस्यता शुलक र सदस्यता प्रदान बिधि :

यस विधानको दफा ६ बमोजिमका सदस्यहरूले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

### १०.१. साधारण सदस्य :

साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क बापत रु. १००। र वार्षिक सदस्य शुल्क रु ५००। सहित तोकिएको प्रक्रिया अनुसार आवेदन गर्ने लाई साधारण सदस्यता प्रदान गरिने छ ।

(क) त्यस्ता साधारण सदस्यले वार्षिक नविकरण शुल्क रु. ५००। बुझाउनु पर्ने छ ।

(ख) साधारण सदस्यता प्राप्त गर्ने सदश्यले प्रत्येक वर्ष चैत्र महिनाको मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ र त्यस पछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सकनेछ ।

### १०.२ संस्थापक सदस्य :

(क) यो संस्था दर्ता हुदाका बखत तदर्थ समितिका पदाधिकारीहरू संस्थापक सदस्य हुनेछन् ।

(ख) संसथापक सदस्यले विधानमा उल्लेख भए अनुसार शुल्क बुझाई साधारण सदस्यता वा आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१०.३ **आजीवन सदस्य :**

संसथामा एकमुष्ट रु. ५०००। बुझाई तोकिएको प्रकृया अनुसार आवेदन दिने व्यक्तिहरूलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्ने छ ।

१०.४ **मानार्थ सदस्य :**

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ठ व्यक्ति वा प्रतिष्ठिन नेपाली नागरिकहरूलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

१०.५.कुनै आबेदकलाई सदस्यता नदिने निर्णय गरेमा सोको काराण सहितका जानकारी आबेदकलाई दिइनेछ ।

१०.६. सबै सदस्यहरूले यस विधान र विधान अन्तरगत बनेको नियम र विनिमय अनुसार भएको व्यवस्थाको पालना गर्नु पर्ने छ ।

१०.७.संस्थाले प्रदान गरेको उपदफा १,२,३, र ४ अनुसारको सदस्यहरूको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद - ४

## साधारण सभा

**११. साधारण सभाको गठन :**

११.१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्य बाहेक विधान बमोजिम सदस्यता प्राप्त गर्ने अन्य सदस्यहरू साधारण सभाको सदस्य हुनेछन् । मानार्थ सदस्यहरू आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुने छ ।

११.२. यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

(क) *बार्षिक साधारण सभा* : वर्षको एक पटक ।बर्षिक साधारण सभा हुनेछ ।

(ख) *विशेष साधारण सभा:* संसथाको साधारण सभाको कुल सदस्यहरूमद्धे एक चौथाईले कारण जनाई विशेष साधारण सभाको माग गरेमा कार्य समितिले ७ दिन भित्र अनिवर्या विशेष साधारण सभा बोलाउनु पर्ने छ। तर साधारण सभा वा विशेष सभा बसेको ६ महिना भित्र पुनः विशेष साधारण ससभा बस्न सक्ने छैन।

११.३. यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्था स्थापना भएको आर्थिक वर्ष समाप्त भएको मितिले दुइ महिना भित्रमा गरिने छ र त्यस पछिका बार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको दुइ महिना भित्र गरिने छ।

११.४. यस संस्थाका बार्षिक साधरण सभा बोलाउँदा कम्तिमा १५ दिन अगावै सभा बस्ने स्थान, मिति, समय र सभामा छलफल हुने मुख्य बिषय समेत खोलि सबै साधारण सदस्यलाई अनिवार्य रूपमा सूचना दिइनेछ।

११.५. उपदफा ४ बमोजिम बोलाइएको साधारण सभा वा बिशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ।

११.६. साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिनेछ।

## १२. साधारण सभाको काम, कर्तव्य र अधिकार :

**साधारण सभाको काम, कर्तव्य र अधिकार** देहाय बमोजिम हुनेछ :-

१२.१. कार्य समितिले पेश गरेको आगामी बर्षको योजना कार्यक्रम र वार्षिक बजेट पारित गर्ने।

१२.२. लेखा परीक्षकबाट प्राप्त भएको बार्षिक लेखा परिक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिबेदनबाट देखिएका अनियमित बेरुजु रकमहरूमाथि छलफलगरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरू असुलउपर गरी फर्छोट गर्नकालागि कार्य समितिलाई निर्देशन दिने।

१२.३. आगामी वर्षकालागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

१२.४. संस्थाको बार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेका कर्यहरूको मूल्याङ्कन गरी कार्यसमितिलाई आवस्यक निर्देशन दिने।

१२.५. संस्थाको कार्यसमितिको पदाधिकारीहरूको पदाबधि पुगेको अवस्थामा कार्यसमितिको पदाधिकारीहरूको विधान अनुसारको प्रक्रियाको अन्तरगत रही निर्वाचन गर्ने।

१२.६. कार्यसमितद्वारा पेश भएका विधान संसोधन, नियम तथा विनियम स्वीकृत गर्ने।

१२.७. मानार्थ सदस्यता प्रदान गर्ने।

१२.८ कार्य समितबाबट संस्थाको हीत अनुकुल भएका काम कार्वाहीहरूको औचित्य हेरी अनुमोदन गर्ने।

१२.९. संस्थाको आफ्नै आन्तरिक श्रोबाट व्योहोर्नेगरी कार्य समितिले पेश गरेको कर्मचारीहरूको दरबन्दी पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरू आवस्कता अनुरूप स्वीकृति प्रदान गर्ने ।

## १३. कार्य समितिको गठन :

१३.१.साधारण सभाका सदस्यहरूबाट निर्वाचित देहाय बमोजिमका पदाधिकरीहरू रहने १३ सदस्यीय एक कार्य समितिको गठन गरिो छ ।

अध्यक्ष १, उपाध्येक्ष २, महा सचिव १, सचिव १, कोषध्येक्ष १, सदस्य ७ ।

१३.२. कार्य समितिको कार्यकाल ४ वर्षको हुनेछ ।

१३.३. बार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अबधीका लागि कार्य समितिका सदस्यको मनोनित कार्य समिति द्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य रिक्त भएको हो, सो सदसयको बाँकी कार्यकालसम्मकालागि मात्र हुनेछ । तर अन्य पदहरूकालागि बिधान बमोजिम बाँकी अबधिको निमित्त निर्वाचन प्रक्रिया द्वारा पदपूर्ति गरिनेछ ।

१३.४. कार्य समितिको बैठक आवस्यकता अनुसार अध्यक्षले बोलाउनेछ । तर कार्य समितिको पदाधिकारीहरूको जम्मा संख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेकमा अध्यक्षले कार्य समितिको बैठक तुरुन्त बोलाउनु पर्ने छ ।

१३.५. कार्य समितिको पदाधिकारीहरूको कुलसंखयाको ५१ प्रतिशत पदाधिकारी उपस्थित नभै कार्य समितिको बैठक बस्ने छैन ।

१३.६. कार्यसमितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थित रहेमा बैटकमा उपस्थित सदस्यहरूले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

१३.७. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुने छ र मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिन सक्ने छ ।

१३.८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरूको छुट्टै निर्णय किताबमा लेखिराखिने छ र सो निर्णय विबरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले सही गर्नु पर्ने छ । तर निर्णयमा असहमति जनाउनेहरूले कैफियत खोली सही गर्नु पर्ने छ ।

१३.९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

१३.१०. माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्यसमितिका सबै पदाधिकारीहरू लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णयपुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको निर्णय सरह मानिनेछ ।

**१४. कार्य समितिको काम, कर्तव्य र अधिकार : कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

१४.१. संस्थाको आगमी बर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

१४.२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यन्वयन गर्ने गराउने ।

१४.३. संस्थाको हितमा हुने कार्यहरू संचालन गर्ने ।

१४.४. साधारण सभा प्रति उत्तरदायी हुने ।

१४.५. संस्थाको उद्देश्य प्राप्तिकालागि उपलब्ध साधन र श्रोतको अधिकतम उपयोग र प्रयोग गर्ने ।

१४.६. संस्थाको कार्य संपादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यन्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

१४.७. संस्थाका र्मचारीहरूको सेवा सर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली साधारण सभाबाट स्वीकृति गराई लागुगर्ने।

१४.९. संस्थाको उद्देश्य परिपूर्तिकालागि आफ्नो कार्य अबधिमा उपयुक्त व्यक्तिहरूको सल्लाहकार समिति, अन्य समिति विभिन्न उपसमिति गठन गर्ने, आवस्यकता अनुसार कर्यको बाँडफाड गरिदिने ।

१४.१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१५.पदत्याग गर्न सकने :**

अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्येक्ष तथा अन्य पदाधिकारीले अध्येक्ष समक्ष राजिनामा दिई पद त्यग गर्न सक्नेछन् ।

**१६ अन्य समिति हरू**

१६.१. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनकालागि कार्य समितिले आवस्यकता अनुसार अन्य समिति वा उपसमितिहरू गठन गर्न सक्नेछ तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्ने छ ।

१६.२. उपसमितिहरूका कार्यहरू कार्य समितिले तोकिदिए बमोजिम हुने छ ।

**परिच्छेद - ५**

पन्त समाज नेपाल
Pant Society Nepal
काठमाडौं, नेपाल
ई–मेल: pantasamaj@gmail.com
स्थापित: २०६५

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१७.पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

कार्य समितिको काम कर्तवय र अधिकार देहाय बमोजिम हुनेछ :-

**१७.१. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१७.१.१. समिति र सभाको बैठकको अध्यक्षता गर्ने , बैठक सन्चालन गर्ने ।

१७.१.२. मत बराबर भएमा निर्णायक मत दिने ।

१७.१.३. संस्थाको तर्फबाट प्रतिनिधित्य गर्ने वा प्रतिनिधि तोक्ने ।

१७.१.४. संस्थाको उद्देश्य प्राप्तिकालागि नेतृत्व प्रदान गर्ने ।

१७.१.५. आवश्यकता अनुसार बैठक बोलाउन महा सचिवलाई निर्देशन दिने ।

१७.१.६. अन्य पदाधिकारी एवं सदस्हरूलाई कामको बाठफाड गर्ने ।

१७.१.७. अभिलेख प्रमाणित गर्ने र संस्थाको कार्य सुचारु रूपले संचालन गर्ने गराउने ।

**१७.२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

१७.२.१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने कार्य गर्ने ।

१७.२.२. अध्यक्षलाई सहयोग गर्ने ।

१७.२.३. अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

**१७.३. महासचिवको काम, कर्तव्य र अधिकार**

१७.३.१. संस्थाको कार्यालय सुचारु रूपले संचालन गर्ने ।

१७.३.२. अभिलेख सुरक्षित राख्ने ।

१७.३.३. अध्येक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

१७.३.४. सभा, समितिले पारित गरेका निर्णयहरूको कार्यान्वयन गर्ने ।

१७.३.५. संस्थाको सुव्यवस्थापन तथा विकासमा सदैव सकृय रहने ।

१७.३.६. संस्थाले संचालन गरेका कार्यक्रमहरूको समन्वय गर्ने ।

१७.३.७. समितिले तोकिदिएको अन्य काम गर्ने ।

**१७.४. सचिवको काम, कर्तव्य र अधिकार**

१७.४.१. महासचिवको अनुपस्थितिमा महासचिवले गर्नुपर्ने कार्य गर्ने ।

१७.४.२. महसचिवलाई सहयोग गर्ने ।

१७.४.३. महासचिवले दिएको जिम्मेवारी पुरा गर्ने ।

**१७.५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१७.४.१ .संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

१७.४.२. संस्थाको वार्षिक आय-व्यय विवरण साधारण सभामा पेस गर्ने ।

१७.४.३. संस्थाको रकम असुल उपर गर्ने र गर्नुपर्ने खर्चको व्यवस्था मिलाउने ।

१७.४.४. लेखा दुरुस्त राख्ने । बार्षिक लेख परीक्षण गराउने ।

१७.४.५. समितिले तोकिदिएको अन्य कार्य गर्ने ।

**१७.६. सदस्यको काम कर्तव्य र अधिकार :**

१७.६.१. समितिको बैठकमा सकृय सहभागिता जनाउने ।

१७.६.२. संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।

१७.६.३. टीम-भावना बनाइराख्न सहयोगी हुने ।

**१८. गणपुरक :**

१८.१.कुल सदस्य संख्याको ६० प्रतिशत साधारण सदस्यको उपस्थिति नभै कार्य समितको साधारण सभाको काम कार्यबाही हुने छैन । तर दोश्रो पटक बोलाइएको समितिको गणपूरक संख्या भने ४० प्रतिशत उपस्थित भएमा गणपुरक पुगेको मानिनेछ र उपस्थित संख्याको बहुमतले पारित गरेको निर्णयनै समितिको निर्णय हुनेछ ।

१८.२. सामान्यतया साधारण सभाको बैठकमा ५१ प्रतिशत उपस्थित भएमा गणपुरक उपस्थित भएको मानिनेछ । तर विधानको दफा ११ को ५मा उल्लेख भए बमोजिम, पुन : बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको एक तिहाई र तेश्रो पटक बोलाइएकामा जतिसुकै उपथ्ति भएपनि गणपुरक पुगेको मानिनेछ । उपस्थितको बहुमत भएमा सभाको निर्णय हुनेछ ।

## परिच्छेद - ६

## आर्थिक व्यवस्था

**१९.संस्थाको कोष :**

संस्थाका (क) पूजीकोष र (ख) कार्यसंचालनकोष गरी दूइवटा कोष हुनेछन् ।

(क).पुजीकोष :

(१) पूँजी कोष संस्थाको अक्षुण्ड कोष हुनेछ ।

(२) संस्थालाई प्राप्त सबै सहायता, अनुदान, सदस्य शुल्कहरू कार्यसंचालन कोषमा जम्मा गरिने छन् ।

(३) कार्यसंञ्चालन कोषमा प्राप्त रकमहरूको कम से कम १५ प्रतिशत रकम प्रत्येक वर्ष पूँजीकोषमा थपिने छ ।

(४) पूँजी कोषमा रहेको रकमलाई परिषदको निर्णयअनुसार सरकारी धितो पत्रहरू वाणिज्य बैंकहरूका मुद्दती खाताहरूमा, अन्य सुरक्षितक्षेत्रमा राखिनेछ ।

(५) पूँजी कोषबाट सामान्यतः सालबसाली कुनै काममा खर्च गर्न पाइने छैन । तर त्यसको ब्याज कार्यसञ्चालनकोषमा राखी खर्चगर्न सकिनेछ ।

(ख).<u>कार्य सञ्चालन कोषः</u> (१) निम्न रकमहरू पनि कार्यसञ्चालनकोषमा जम्मा गरिने छन् ।

(१). पूँजी कोषको लगानीबाट प्राप्त हुने व्याज, आय ।

(२). विभिन्न कार्यक्रमबाट प्राप्त रकम ।

(३). कार्यसञ्चालन कोषकैलागि भनेर कसैले दिइएको चलअचल सम्पत्तिहरू ।

(४) सदस्य शुल्कबाट प्राप्त सबै रकमहरू ।

(५) समितिको स्वीकृत वार्षिक कार्यक्रमकालागि चाहिने खर्च यसै कोषबाट व्यहोरिने छ ।

(६) वर्षको अन्त्यमा खर्च भई अथवा खर्च गर्ने दायित्व भएको रकम कटाई बाँकी रहन गएको दफा १९(क).(३.) मा उल्लिखित रकमका अतिरिक्त समितिले उपयुक्त ठहऱ्याएको रकम पूँजी कोषमा जम्मा गरिने छ ।

**(ग) <u>आर्थिक वर्षः</u>** संस्थाको वार्षिक हिसाब कितावको सत्र वैशाख १ गतेबाट चैत्र मसान्तसम्म रहने छ ।

**२०.खाता संचालन :**

२०.(१).संस्थाको नाममा अध्यक्ष, महासचिव र कोषाध्यक्ष मध्ये अध्यक्षको अनिवार्य रहने गरि कुनै दुईको संयुक्त दस्तखतबाट बैंक खाता संचालन हुनेछ ।

(२) कोषहरूको आम्दानी खर्चको लेखा समितिद्वारा तोकिएको ढाँचामा राखिने छ ।

**२१ कोषको रकम खर्च गर्ने प्रक्रिया :**

२१.१. संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गरिने छैन ।

२१.२. कोषको संचालन, हिसाब राख्ने तरिका, लेखा परिक्षण तथा अन्य कुराहरू समितिको निर्णय वमोजिम हुनेछ ।

२१.३. कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिबेदन साधारण सभामा अनिवार्य पेश गर्नु पर्ने छ ।

२१.४. कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नु पर्ने छ ।

**२२. सस्थाको लेखा परिक्षण :**

२२.१. सस्थाको आय व्यय प्रचलित कानून बमोजिम राखिने छ।

२२.२. सस्थाको लेखा परिक्षण प्रचलित कानून बमोजिम रज्स्टिर्ड लेखापरिक्षकबाट हुनेछ।

२२.३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरू खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सकनेछ।

२२.४. लेखापरीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ। तर प्रथम बार्षिक साधारणसभा नभएसम्म लेखापरीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ।

२२.५. संस्थाको लेखा परीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र बार्षिक कार्य विबरणको १।१ प्रति स्थानीय अधिकारी, जिविस, समाज कल्याण परिषद र सम्बन्धित निकयमा पेश गरिनेछ।

## परिच्छेद - ७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संसोधन सम्बन्धी व्यवस्था

**२३. निर्वाचन सम्बन्धी व्यवस्था :**

२३.१. कार्य समितिको निर्वाचनकालागि कार्य समितिको सहमति द्वारा ३ जनाको निर्वाचन समितिको गठन गरिने छ।

२३.२. निर्वाचन समितिले प्रचलित कानूनको परिधिमा रहेर निर्वाचन कार्यविधि आफैंले तय गर्ने छ।

२३.३. निर्वचन सम्बन्धी विवाद भएमा निर्वाचन समितिको निर्णय नै अन्तिम निर्णय हुने छ।

२३.४. निर्वाचनको परिणाम घोषणा भएको भोलिपल्ट निर्वाचन समिति स्वतः विघटन भएको मानिने छ।

**२४. उम्मेदवारको योग्ता :**

विधानको दफा ७ मा उल्लिखित योग्यता नपुगेको व्यक्ति कार्य समितिको उम्मेदबबार हुन अयोग्य हुनेछ।

**२५. अविश्वासको प्रस्ताव :**

२५.१. अविश्वासको प्रस्ताव लिखित रूपमा कुनकुन पदाधिकारीको बिरुद्ध हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नुपर्नेछ।

(क) प्रस्ताव नेपाली भाषमा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्ने छ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्दछ।

(ग) साधारण सभाका सदस्यहरूमध्येबाट एक चौथाई सदस्यले स्पष्ट नाम थर र ठेगाना खुलाई सही भएको हुनु पर्ने छ।

२५.२. उपदफा २५.१ अनुसार दर्ता भएको अविश्वासको प्रस्तावउपर निर्णय लिन दफा ११.४ बमोजिम साधारण वा विशेषसभा बस्ने स्थान, मिति समयसमेत तोकी सूचना दिनु पर्ने छ।

**२५.३. अविश्वासको प्रस्ता माथि छलफलको प्रक्रिया :**

(क) साधारण सभाको अध्यक्षता गर्ने व्यक्तिले उपदफा १ बमोजिम प्रस्ताव पेश गर्न अनुमति दिनेछ। अविश्वासको प्रस्तावमाथि छलफल गर्न हस्ताक्षरी मध्ये एक जनालाई कारण प्रस्टयाउन अध्यक्षले अनुमति दिनु पर्ने छ।

(ख) उपदफा २५.३ (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफनो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य ३ जना सदस्यलाई अध्येक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ।

२५.४. (१) अविश्वासको प्रस्ताव उपर आफनो भनाइ प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्येक्षता गर्ने व्यक्ति सो अविश्वासको प्रस्ताव बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयकोलागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको निर्णयको घोषण गर्ने छ।

(क) अविश्वासको पक्षमा मत प्रकट गर्ने एक समुहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समुहमा छट्याएर। वा (ख) साधारण सभाका सदश्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर।

२५.४. (२) साधारण सदस्य संख्याको कुल सदस्य संख्याको दुई तिहाइ बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ। त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरू पद मुक्त हुनेछन्।

२५.४. (३) निर्वचित भएको ६ महिना नपुगि वा अविश्वासको प्रस्ताव पारित नभएमा सोही व्यक्ति उपर पुनः ६ महिना नपुगि त्यस्तो प्रस्ताव ल्याउन पाइने छैन।

**२६. विधान संशोधन :**

संस्थाको विधान संशोधन गर्न साधारण सभाको कुल सदस्य संख्यको २/३ ले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संसोधन वा खारेज को लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्ने छ। स्थानीय अधिकारीबाट स्विकृत भएपछि मात्र कुनै दफा संसोधन वा खारेज भएको मानिनेछ।

**२७. नियम बनाउन सक्ने :**

२७.१. संस्थाले आफ्नो कार्य सम्पादन गर्न आवश्यक नियम बनाउन सक्ने छ। सो नियम साधारण सभाबाट पारित भएपछि लागु गर्न सकिने छ। यस्तो नियम स्थानीय अकिारीलाई जानकारी दिनु पर्नेछ।

२७.२. यो विधान र नियमको परिधीमा रही कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागु गर्न सक्ने छ।

**२८. कर्मचारीको व्यवस्था :**

२८.१. संस्थालाई आवश्यक पर्ने कर्मचारीको नियुक्ति गर्दा दरबन्दीको सृजना, पारिश्रमिक, भत्ता र अरु सुविधा तथा सेवा र सर्त तोकिए बमोजिम हुने छ।

२८.२. संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यन्वयन गर्न विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यतासमेतको विवरण स्थानबीय अधिकारी, जिल्ला विकास समिति र समाजकल्याण परिषदमा समेत जानकारी गराइनेछ।

**२९.संस्था खारेजी :**

२९.१. साधारण सभाले आवस्यक देखेमा विशेष प्रस्ताव पारित गरी संसथा खारेज गर्न सकनेछ।

२९.२. उपदफा २९.१.बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामकोलागि एक वा एक भन्दा बढी लिकुडेटरहरू र संस्थाको हिसाव किताव गर्नकालगि एक वा एक भन्दा बढी लेखा परीक्षकहरू नियुकत गर्न सक्नेछ।

२९.३ उपदफा .२९.२. बमोजिम नियुक्त लिकुडेटरहरूको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

२९.४ यसरी कारणबस संस्थाको विधटन भएमा संस्थाको दायित्व फरफागत गरी बाँकी रहने समपूर्ण जायजेथा स्वतः नेपाल सरकारको हुनेछ।

**३०.व्याख्या :**

यो विधान र विधान बमोजिम बनेको नियम र विनियमको व्याख्यागर्ने अधिकार कार्य समितिलाई हुने छ।

**३१. गोप्यता भङ्ग गर्न नहुने :**

यस संस्थाका कुनै पनि पदाधिारी वा सदस्यले गोप्यता भङ्ग गर्न, अश्लिील र असभ्य व्यवहार गर्न र विधान विपरित आचरण गर्न पाइने छैन।

**३२. ऐन अनुसार हुने :**

यस विधानमा उल्लेख नभएका कुरा प्रचलित कानून बमोजिम हुनेछ। यस विधानका कुरा प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्कृय हुने छ।

**३३. निर्देशनको पालना :**

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशन पालना गर्नु संस्थाको कर्तव्य हुने छ।

**३४. तदर्थ समिति :**

३४.१. यो संस्था स्थापना गरी दर्ता गराउनकालागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समिति गठन गरी नयाँ कार्यसमितिको निर्वचन गराउने छ र सोको जानकारी स्थानीय अधिकारीलाई दिने छ।

३४.२. प्रथम पटक निर्वाचन नभएसम्मकालागि कार्य समितिले गरेका सबै निर्णयहरू र काम कारवाही यसै विधान अनुसार भएको मानिने छ।

**३५. मन्जुरी :**

हामी "**पन्त समाज नेपाल**" का निम्न संस्थापकहरू यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साछीको रोहवरमा विधानमा सहिछाप गर्दछौं।

| *क्रसं* | *संस्थपकको नाम थर ठेगान* | *साछीको नाम थर वतन र सहीछाप* |
|---|---|---|
| | | |

पन्त समाज नेपाल
Pant Society Nepal
काठमाडौं, नेपाल
ई–मेल: pantasamaj@gmail.com
स्थापित: २०६५

| | | | |
|---|---|---|---|
| १ | डा.शास्त्रदत्त पनत | अध्यक्ष | |
| २ | डा.हरिहरदेव पन्त | उपाअध्यक्ष | |
| ३ | अमर पन्त | उपाअध्यक्ष | |
| ४ | दिनेशराज पन्त | महासचिव | |
| ५ | एकेन्द्र पन्त | सचिव | |
| ६ | जीवमूर्ति पन्त | कोशाध्यक्ष | |
| ७ | भूपनिधि पन्त | सदस्य | |
| ८ | प्रा. जयराज पन्त | सदस्य | |
| ९ | छविराज पन्त | सदस्य | |
| १० | मातृकाप्रसाद पन्त | सदस्य | |
| ११ | प्रेमकुमारी पन्त | सदस्य | |
| १२ | पुनम पन्त | सदस्य | |
| १३ | दीलादत्त पन्त | सदस्य | |

**अनुसूची - १**

छाप र लोगो

जि.प्र.का. दर्ता न.: ८९९/०६५/६६

स क प आ न : २७०७१

# पन्त समाज नेपाल
# Pant Society Nepal

काठमाडौं, नेपाल

ई-मेल: pantasamaj@gmail.com

स्थापित: २०६५